बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

मिति:२०८१।१०।२२

पत्र सङ्ख्या :-

चलानी नं. :- १८१८

विषयः राय परामर्श सम्बन्धमा।

श्री प्रदेश मन्त्रालय/निकाय (सबै),
श्री स्थानीय तह (सबै),
बागमती प्रदेश,।

प्रस्तुत विषयमा तहाँ मन्त्रालय/ निकाय तथा स्थानीय तहहरुबाट यस कार्यालयसँग विभिन्न विषयमा कानूनी राय माग गर्दा देहाय बमोजिम प्रक्रिया अपनाई राय माग गर्नु हुन मिति २०८१।१०।२२ गतेको निर्णयानुसार (सचिवस्तर) जानकारीको लागि अनुरोध छ।

देहायः

१. कानूनी समस्याको स्पष्ट उल्लेख हुनु पर्ने,
२. मुख्य न्यायाधिवक्तालाई सोझै परामर्श गरेमा यस कार्यालयलाई जानकारी दिनु पर्ने,
३. सम्बन्धित सबै कागजात फाइलमा संलग्न गर्नु पर्ने,
४. पहिले राय लिई सकेको भए उक्त रायको प्रति संलग्न गर्नु पर्ने,
५. सम्बन्धित विषयमा स्पष्ट विभागीय दृष्टिकोण उल्लेख गर्नु पर्ने,
६. काल्पनिक रुपमा राय नमाग्ने,
७. कुनै निकायले राय माग्दा सम्बन्धित मन्त्रालय मार्फत् कारबाही हुनु पर्ने,
८. रायको व्यहोरा अन्य कसैलाई सूचना नगर्ने,
९. अधुरो फाइलबाट कारबाही नहुने हुँदा पूर्ण फाइल पठाउनु पर्ने,
१०.रायसँग सम्बन्धित व्यक्तिलाई राय मागिएको छ भन्ने व्यहोरा सूचना नगर्ने,
११.राय माग्ने विषयमा कम्तीमा सचिवस्तरीय/ कार्यालय प्रमुखस्तरीय निर्णय हुनु पर्ने,
१२.कानून अधिकृत/कानूनी सल्लाहकार भएको ठाउँमा निजको राय समेत अनिवार्य संलग्न गरी पठाउनु पर्ने।

पुनश्चः माथि उल्लिखित प्रक्रिया पूरा नगरी राय माग भएमा यस कार्यालयबाट राय उपलब्ध गराउन नसकिने व्यहोरा समेत अनुरोध छ।

सादर अवगतार्थः

माननीय मुख्यमन्त्रीज्यूको निजी सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश।
श्रीमान् प्रमुख सचिवज्यूको सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश।

बोधार्थ/कार्यार्थः

श्री सूचना तथा संचार समन्वय शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशः सबै मन्त्रालय/निकाय तथा स्थानीय तहको आधिकारिक ईमेल ठेगानामा पत्राचार गर्ने व्यवस्था मिलाउनुहुन।

विनोद अमात्य
उपसचिव (कानून)

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२७५०७, वेबसाइट: www.ocmcm.bagamati.gov.np, ईमल: ocmcm@bagamati.gov.np